ADDCN ई बुलेटिन

Association of District Development Committees of Nepal

जिल्ला विकास समिति महासंघ नेपाल

Vol. 1 [Issue - 6] (जिल्ला विकास समिति महासंघ नेपालको मासिक ई-बुलेटिन) 2011/12 December/January {2068 Poush}


# जिल्ला विकास समिति रोल्पामा नविकरणीय ऊर्जा प्रविधिको प्रयोग, नीति कार्यक्रम तथा योजना सम्बन्धी अनुशिक्षण कार्यक्रम




जिल्ला विकास समिति महासंघ नेपाल र जिल्ला विकास समिति रोल्पाको संयुक्त आयोजनामा नविकरणीय ऊर्जा प्रविधिको प्रयोग, नीति, कार्यक्रम सम्बन्धि अनुशिक्षण कार्यक्रम २०६८ पौष ५ गते जिविस रोल्पा, लिवाङ्गमा सम्पन्न भयो । उक्त कार्यक्रममा जिविकोपार्जनको लागि नविकरणीय कार्यक्रम र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको सहयोगमा कार्यक्रम संचालन भएको थियो । उक्त कार्यक्रमको अध्यक्षता स्थानीय विकास अधिकारी माधव प्रसाद गड्तौला र प्रमुख अथितीको रुपमा प्रमुख जिल्ला अधिकारी हरीप्रसाद वाँस्तोलाले गर्नुभएको थियो ।

उक्त कार्यक्रममा जिविस महासंघबाट कार्यकारी सदस्य भरतबहादुर खड्का, कार्यकारी महासचिव हेमराज लामिछाने, ऊर्जा तथा वातावरण विज्ञ शम्भुदेव वराल, दिनेश श्रेष्ठ, मुकुन्द महर्जन आदिले भाग लिनुभएको थियो । त्यसै गरी वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट ऊर्जा अधिकृत दिव्य राजभण्डारी र जिविकोपार्जनका लागि नविकरणीय ऊर्जा कार्यक्रमका दिगो विकास सल्लाहकार भूपेन्द्र शाक्यको सहभागिता थियो ।

उक्त कार्यक्रममा जिविस महासंघको तर्फबाट शम्भुदेव वराल, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको तर्फबाट दिव्यराज भण्डारी र जिविकोपार्जनकोलागि नविकरणीय ऊर्जा कार्यक्रमबाट भूपेन्द्र शाक्यले विभिन्न विषयका कार्यपत्र पेश गर्नु भएको थियो ।

उक्त कार्यक्रममा हेमराज लामिछाने, भरतबहादुर खड्का, ऊर्जा विकास अधिकृत रोल्पाका शंतोष शर्मा, हरिप्रसाद बाँस्कोटा, माधवप्रसाद गड्तौला साथै विभिन्न राजनैतिक दलहरुले समेत आ-आफ्नो तर्फबाट मन्तव्य राख्नु भएको थियो । भने सोही कार्यक्रममा रोल्पा घोषणा-पत्र जारी समेत गरिएको थियो ।

सोहि कार्यक्रममा एनेकपा माओवादीका जिल्ला इन्चार्ज मानबहादुर बुढा विकल्प, नेपाली काग्रेसका सभापति कृष्णबहादुर घर्तीमगर, नेकपा एमालेका सचिव हरिप्रसाद घर्ती, राप्रपाका सहअध्यक्ष गोविन्द बलामी, परिवारदलका अध्यक्ष वशन्त शर्माले पनि भाग लिनु भएको थियो ।

















# नयाँ संविधानमा जिल्ला सरकार सहितको स्थानीय सरकारको संवैधानिक व्यवस्थाकाबारेमा दलका नेताहरुसंग भेटवार्ता

काठमाडौं, २०६८ पौष २६ गते, जिल्ला विकास समिति महासंघ नेपाल र विकेन्द्रीकरण सहयोग समाजको संयुक्त टोलीले नेपाली कांग्रेसको संसदीयदल सिंहदरवारमा नेपाली कांग्रेसका नेता नरहरि आचार्य र माननीय डा. प्रकाशशरण महतसंग भेट गरी **नयाँ संविधानमा जिल्ला सरकार सहितको स्थानीय सरकारको संवैधानिक सम्बन्धी व्यवस्था** विषयमा आ-आफ्नो संस्थागत अवधारण-पत्र पेश गर्ने काम भयो । सो छलफल कार्यक्रममा संविधानको प्रस्तावना निर्देशन सिद्धान्त, राज्यका नीति र स्थानीय सरकारको छुट्टै परिच्छेद राख्नुपर्ने विषयमा छलफल भयो । स्थानीय तहमा समन्वय, अनुगमन र नियमनका साथै दुइ वा दुई भन्दा बढी स्थानीय सरकारको जिम्मेवारीमा गर्नुपर्ने विकास निर्माणका काम जिल्ला तहको सरकारबाट गरिनुपर्ने विषयमा समेत व्यापक छलफल भयो । छलफल कार्यक्रममा जिविस महासंघ नेपालका तर्फबाट भरतबहादुर खड्का, हेमराज लामिछाने र दिनेश श्रेष्ठको सहभागिता रहेको थियो भने विकेन्द्रीकरण सहयोग समाजका तर्फबाट कृष्णलाल सापकोटा, बेखारत्न शाक्य, रामचन्द्र पोखरेल, गोपाल प्रसाद सापकोटा र पेसनाथ न्यौपानेको उपस्थिति रहेको थियो । कार्यक्रममा स्वतन्त्र विज्ञका रुपमा विनोद कुमार भट्टराईको समेत उपस्थिति रहेको थियो ।




काठमाडौं, २०६८ पौष १४ गते, जिल्ला विकास समिति महासंघ नेपाल र विकेन्द्रीकरण सहयोग समाजको संयुक्त टोलीले नेपाली कांग्रेसका सभापति सुशिल कोइरालालाई निजकै निवासस्थान महाराजगञ्जमा भेट गरी **नयाँ संविधानमा जिल्ला सरकार सहितको स्थानीय सरकारको संवैधानिक सम्बन्धी व्यवस्था** विषयमा आ-आफ्नो संस्थागत अवधारण-पत्र पेश गरियो । सो छलफल कार्यक्रममा संविधानको प्रस्तावना निर्देशन सिद्धान्त, राज्यका नीति र स्थानीय सरकारको छुट्टै परिच्छेद राख्नुपर्ने विषयमा छलफल भयो । स्थानीय तहमा समन्वय, अनुगमन र नियमनका साथै दुइ वा दुई भन्दा बढी स्थानीय सरकारको जिम्मेवारीमा गर्नुपर्ने विकास निर्माणका काम जिल्ला तहको सरकारबाट गरिनुपर्ने विषयमा समेत व्यापक छलफल भयो । छलफल कार्यक्रममा जिविस महासंघ नेपालका तर्फबाट भरतबहादुर खड्का, हेमराज लामिछाने र विकेन्द्रीकरण सहयोग समाजका तर्फबाट बेखारत्न शाक्य, रामचन्द्र पोखरेल, चेतराज बफालको उपस्थिति रहेको थियो ।



# जिल्ला विकास समिति महासंघ नेपालले विभिन्न कार्यक्रममा सहभागिता जनाएका थिए

## Dissemination Programme मा सहभागिता

२०६८ पौष १३ गते Water Aid Nepal र WAC Programme of (UN-Habitat (UN-WAC) को संयुक्त आयोजनामा Integrated water and Sanitation Services to the Urban Poor in Itahari and Kamalamai Municipalities" विषयमा Dissemination Programme गरेको थियो । उक्त कार्यक्रममा जिल्ला विकास समिति महासंघका केन्द्रिय सदस्य भरतबहादुर खड्काज्यूले भाग लिनु भएको थियो । सो कार्यक्रमका Water and Sanitation Service को बारेमा गरेका समिक्षा र भावी रणनीतिका बारेमा व्यापक छलफल गरियो, साथै Urban Poor र इटहरी कमलामाई नगरपालिकामा गरेका कामको बारेमा जानकारी गराइयो । आगामी दिनमा O.D.F. कार्यक्रमलाई सफल बनाउन र खानेपानी र सरसफाई सम्बन्धि व्यवस्थित कार्ययोजना बनाईनु पर्नेमा जोड दिइयो ।

## "अन्तराष्ट्रिय सहकारी वर्ष २०१२, राष्ट्रिय समिति" को पहिलो बैठकमा जिविस महासंघ नेपालको सहभागिता

२०६८ पौष १७ गते, कृषि मन्त्रीज्यूको अध्यक्षतामा **"अन्तराष्ट्रिय सहकारी वर्ष २०१२, राष्ट्रिय समिति"** को पहिलो बैठक सम्पन्न भयो । उक्त बैठकमा जिविस महासंघका केन्द्रिय सदस्य भरतबहादुर खड्काज्यूले भाग लिनु भएको थियो । सो बैठकमा २००९ को महासभाले २०१२ लाई अन्तराष्ट्रिय सहकारी वर्ष मनाउने निर्णय वमोजिम नेपालमा पनि २०१२ लाई सहकारी वर्ष मनाउन जिल्लादेखि केन्द्रसम्म विभिन्न चेतनामुलुक र एक गाउँ एक सहकारीको अवधारणा अनुरुप विभिन्न कार्यक्रम गर्ने निर्णय गरियो ।

## प्रथम चौमासिक समिक्षा बैठक

स्थानीय विकास मन्त्रीको अध्यतामा २०६८ पौष १८ गतेका दिन **प्रथम चौमासिक समिक्षा बैठकमा** विगतमा गरेका कामको प्रगती र समिक्षा गरियो । आगामी दिनमा अझ स्थानीय विकास मन्त्रालयबाट हुने विकास योजना र SERVE DELIVERY का सवालमा प्रभावकारी ढङ्गबाट जानुपर्छ भन्ने छलफल भयो । साथै सर्वदलीय संयन्त्र खारेजी भइसकेको हुनाले एकमात्र विकल्प निर्वाचन भएको कुरामा पनि जोड दिइयो । उक्त बैठकमा जिविस महासंघका केन्द्रिय सदस्य भरतबहादुर खड्काज्यूले भाग लिनु भएको थियो ।

## Consultative Meeting

२०६८ पौष २२ गते "An invitation to take part in water Aid's WASH Stakeholders" मा Consultative Meeting भएको थियो । जिविस महासंघ नेपालका केन्द्रिय सदस्य भरतबहादुर खड्का सो कार्यक्रममा उपस्थित हुनुहुन्थ्यो । उक्त कार्यक्रममा विगतमा गरेका कामको समिक्षा र मूल्याङ्कन गरियो । आगामी दिनमा सरसफाई र खानेपानि क्षेत्रको सही व्यवस्थापन र निरन्तरतालाई कायम राख्ने सन्दर्भमा नेपाल सरकार दातृ निकायहरु, स्थानीय निकायहरु, नागरिक समाज र सरोकार वालाहरुसँग समन्वय गरेर अगाडि बढ्ने सबै सहभागीहरुले सुझाव पेश गर्नुभयो ।

# स्थानीय निकायका संघ/महासंघद्वारा रिपोर्टर्स क्लवमा संयुक्त प्रेस सम्मेलन


हेमराज लामिछाने, जिविस महासंघ नेपाल


कृष्णप्रसाद जैसी, जिविस महासंघ नेपाल


माधव पौडेल, जिविस महासंघ नेपाल


भरतबहादुर खड्का, जिविस महासंघ नेपाल


विदुर मैनाली, नेपाल नगरपालिका संघ


नारायण कोइराला, गाविस महासंघ नेपाल


नवराज गेलाल, गाविस महासंघ नेपाल


कार्यक्रममा सहभागी पत्रकारहरु

स्थानीय विकास मन्त्रालयले हालै खारेज गरेको सर्वदलिय संयन्त्र पछिको स्थानीय सरकार संचालनका विकल्पहरु र अन्तरीम संविधानको २०६३ को धारा १३९(ख) अनुसार अन्तरीम स्थानीय निकायको निर्वाचनका विषयमा जिल्ला विकास समिति महासंघ नेपाल, नेपाल नगरपालिका संघ र गाउँ विकास समिति राष्ट्रिय महासंघ नेपालद्वारा हालै २०६८ पौष २१ गते रिपोर्टस क्लवमा एक संयुक्त पत्रकार सम्मेलनको आयोजना गरियो । उक्त कार्यक्रममा जिल्ला विकास समिति महासंघ नेपालका तर्फबाट श्री कृष्णप्रसाद जैसी, श्री माधव पौडेल, श्री भरतबहादुर खड्का, श्री हेमराज लामिछाने र श्री शम्भुदेव वराल, नेपाल नगरपालिकाका तर्फबाट श्री विदुर मैनाली र गाविस महासंघबाट श्री नारायण कोइराला, श्री नवराज गेलाल र श्री परशुराम उपाध्यायको उपस्थिति थियो । सो कार्यक्रममा अतिथिका रुपमा रिपोर्टस क्लवका अध्यक्ष श्री ऋषि धमलाको समेत उपस्थिति रहेको थियो । समस्त प्रेस विज्ञप्ती श्री कृष्णप्रसाद जैशीले वाचन गर्नुभएको थियो । सबै पदाधिकारीहरुले आ-आफ्नो मन्तव्य दिनुभई अन्त्यमा पत्रकारहरुबाट सोधिएका प्रश्नको जवाफ दिने काम समेत भएको थियो ।

# स्थानीय निकाय केन्द्रीय समन्वय समिति

## संयुक्त प्रेस विज्ञप्ति

२०६८ पौष २१

नेपालको अन्तरिम संविधान, २०६३ र स्थानीय स्वायत्त शासन ऐन, २०५५ को व्यवस्था तथा मर्म अनुसार स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिको व्यवस्था गरी अविच्छिन्न, उत्तराधिकारवाला, स्वशासित संस्थाकोरुपमा परिचालित गर्नुपर्ने र कुनै पनि बहानामा स्थानीय निकाय जनप्रतिनिधिविहीन गर्न नहुने कानूनको व्यवस्था हुँदाहुँदै पनि करिव एक दशकसम्म कर्मचारी र असंवैधानिक दलीय संयन्त्रको विधिबाट स्थानीय निकायहरु सञ्चालन गर्ने कार्यप्रति असहमति जनाउनुका साथै लोकतान्त्रिक विधिबाट स्थानीय निकायहरुको सञ्चालन नगरिंदा आउन सक्ने सम्भावित दुरगामी परिणामका बारेमा पनि स्थानीय निकायका संघ महासंघहरुले समयमै सचेत गराउँदै सम्माननीय प्रधानमन्त्री, व्यवस्थापिका संसद, नेपाल सरकार, राजनीतिक दलहरु लगायत सबै सरोकारवालाहरुलाई स्मरण गराउने काम समेत समय समयमा गर्दै आएका हौं ।

स्थानीय निकायका संघ/महासंघहरु कानूनी राज्यमा दृढ विश्वास गर्ने भएकोले अन्तरिम संविधानको धारा १३९ को उपधारा (१) बमोजिम निर्वाचनको मिति तत्काल घोषणा गर्न सम्मानित सर्वोच्च अदालतबाट ०६६ मंसिरमा भएको फैसलामा निर्वाचनबाट स्थानीय सरकारको संचालन गर्न नेपाल सरकारको ध्यानाकर्षण समेत गराइसकिएको थियो । यसकासाथै स्थानीय निकायका संघमहासंघहरुले ०६८ जेष्ठ र पूर्व सांसद मञ्चसँग समेत संयुक्तरुपमा भाद्र महिनामा रिले अनशन जस्ता कार्यक्रमहरु मार्फत तत्काल स्थानीय निर्वाचन गर्न, दिगो शान्तिलाई तार्किक निस्कर्षमा पुऱ्याउन तथा समयमै संविधान घोषणा गर्नका लागि पहल गरेको कुरा पुन:स्मरण गराउन चाहन्छौं ।

स्थानीय निकायमा निर्वाचित पदाधिकारी नहुँदा समावेशी र सहभागितात्मक योजना तर्जुमा र कार्यान्वयन पक्ष अत्यन्त कमजोर हुन गएको तथ्य जगजाहेर नै छ । स्थानीय निकायमा रहेको राजनीतिक शून्यतामा जनताले प्रभावकारी सेवा प्राप्त गर्ने मौकाबाट समेत बञ्चित हुनुपरिरहेको छ ।

यस पृष्ठभूमिमा जिम्मेवारी र उत्तरदायित्व विनाको अनिर्वाचित सर्वदलीय संयन्त्रले जनताको प्रतिनिधित्व गर्न नसक्ने र यसले लोकतन्त्रको मूल्य र मान्यताको समेत अपहेलना गरेको विषयमा समेत संघ तथा महासंघहरुले विगतदेखि निरन्तर विरोध जनाउदै आएका थियौं । हाल आएर अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्देशन पछि ढिलै भए पनि नेपाल सरकारले स्थानीय निकाय सर्वदलीय संयन्त्रको विघटन गरी तत्काल निर्वाचन गर्ने अभिव्यक्ति दिएकोमा स्थानीय निकायका संघ/महासंघहरु स्वागत गर्दछौं ।

तर, नयाँ संविधानको निर्माण र राज्य पुनर्संरचनाको वहानामा स्थानीय निकायहरुलाई अनिश्चित कालसम्म जननिर्वाचित पदाधिकारीविहीन बनाई राख्ने कुरा लोकतन्त्रप्रति विश्वास गर्ने कसैलाई पनि स्वीकार्य हुनसक्दैन । तसर्थ, नेपालको अन्तरिम संविधान, २०६३ को व्यवस्थाअनुसार यथाशीघ्र स्थानीय निकायको निर्वाचनको मिति घोषणा गरेर मात्रै अन्य अल्पकालीन वैकल्पिक व्यवस्था गर्न राजनीतिक दल र नेपाल सरकार समक्ष स्थानीय निकायका संघ/महासंघहरु हार्दिक अपील गर्दछौं ।

**जिविस महासंघ नेपाल**

कृष्णप्रसाद जैसी
प्रवक्ता

माधवप्रसाद पौडेल
पूर्व अध्यक्ष

भरतबहादुर खडका
केन्द्रिय सदस्य,

**नेपाल नगरपालिका संघ**

विदुर मैनाली
महासचिव

**गाविस राष्ट्रिय महासंघ नेपाल**

नारायणप्रसाद कोइराला
संस्थापक अध्यक्ष

नक्राज गेलाल
केन्द्रिय सदस्य

# जिल्ला विकास समिति महासंघ नेपाल
# संविधानसभा विषयगत समितिहरुको मस्यौदा प्रतिवेदनमा रहेको प्रावधानहरुको संशोधन प्रस्ताव

## राज्य पुनसंरचना तथा राज्यशक्तिको बाँडफाँडसम्वन्धी विषयगत समितिको परिभाषा अन्तर्गत

| विषयगत समितिको प्रस्ताव | संशोधन गर्नु पर्ने बुँदा | संशोधनको औचित्य |
|---|---|---|
| (ग) "स्थानीय तह" भन्नाले प्रदेश अन्तर्गत स्थापना हुने गाउँपालिका तथा नगरपालिकालाई सम्झनु पर्छ । | ग) "स्थानीय तह" भन्नाले संघीय संविधानमा व्यवस्था भए अनुसार जिल्लापालिका, गाउँपालिका तथा नगरपालिकालाई सम्झनु पर्छ । | स्थानीय तहमा जिल्ला हटाउंदा विगत ५० वर्ष भन्दा वढी समयदेखि जनताले जिल्ला तहवाट पाउदै आएका शिक्षा, स्वास्थ्य, कृषि, पशु, वन, सडक, खानेपानी जस्ता सेवाहरु अवरुद्ध हुने र प्रदेशहरु व्यवस्थित नभैसकेका र गाउं तहमा समग्र सेवा प्रदायक इकाईहरुको स्थापना गर्न लामो समय र अत्यधिक श्रोतको आवश्यकता पर्ने हँदा हालको जिल्ला तहलाई कायम राख्नु पर्ने ।<br>गाउँ तहमा गर्न नसकिने र प्रदेश तहले नभ्याउने जस्ता विषयहरुका लागि पनि जिल्ला तहको व्यवस्था आवश्यक हुने<br>• गाउँ, नगर र जिल्लाको पुन:संयोजन र पुन:संरचना गर्दा यातायात, संचार, पहुँच र सामर्थ्य जस्ता मापदण्डहरुलाई ध्यानमा राखी पुन:संयोजन गर्न सकिने |
| (घ) "विशेष संरचना" भन्नाले प्रदेश भित्र स्थापना गरिने स्वायत्त क्षेत्र, विशेष क्षेत्र र संरक्षित क्षेत्र सम्झनु पर्छ । | घ) अल्पसंख्यक, जनजाति र लक्षित वर्गको लागी स्थानीय तहवाटै उपयुक्त, स्वशासित र स्वायत्त व्यवस्था गर्न सकिने | विशेष संरचनाको व्यवस्था गर्दा प्रशासनिक इकाईहरु बढ्ने, बढी खर्चिलो हुने र प्रदेशसंगको सम्पर्क झन् टाढा हुनुका साथै स्वायत्तता कमजोर हुने भएकोले विशेष संरचना आवश्यक नदेखिएको |
| (ङ) "स्वायत्त क्षेत्र" भन्नाले प्रदेश भित्र स्थापना गरिने एक जाति/समुदाय वा भाषाको बाहुल्य भएको वा सघन उपस्थितिको अवस्था रहेको क्षेत्रलाई सम्झनु पर्छ । | अल्पसंख्यक, जनजाति र लक्षित वर्गको लागी स्थानीय तहवाटै उपयुक्त र स्वायत्त व्यवस्था गर्न सकिने | विशेष संरचनाको व्यवस्था गर्दा प्रशासनिक इकाईहरु बढ्ने, बढी खर्चिलो हुने र प्रदेशसंगको सम्पर्क झन् टाढा हुनुका साथै स्वायत्तता कमजोर हुने भएकोले विशेष संरचना आवश्यक नदेखिएको |
| झ) सूचि भन्नाले संघ, प्रदेश, स्थानीय तह तथा विशेष संरचना अन्तर्गत स्थापना हुने स्वायत्त क्षेत्रलाइ यो संविधान वमोजिम प्रदान गरिएको अधिकार प्रयोग गर्न पाउने विषयको सूचि सम्झनु पर्छ र सो शव्दले संविधानमा उल्लेखित साझा सूचि समेतलाई जनाउँछ । | सूचि भन्नाले संघ, प्रदेश र स्थानीय तह (जिल्ला, गाउँ र नगर) लाई यो संविधान वमोजिम प्रदान गरिएको अधिकार प्रयोग गर्न पाउने विषयको सूचि सम्झनु पर्छ र सो शव्दले संविधानमा उल्लेखित साझा सूचि समेतलाई जनाउँछ । | विशेष संरचनाको व्यवस्था औचित्यपूर्ण नहुने भएपछि विशेष संरचना भन्ने शव्द राखिरहनु आवश्यक नहुने र जिल्ला तहको छुट्टै सूचि व्यवस्था गर्नु पर्ने |

## अनुसूची ३ संघको अधिकार सूची अन्तरगत

| विषयगत समितिको प्रस्ताव | संशोधन गर्नु पर्ने बुँदा | संशोधनको औचित्य |
|---|---|---|
| ३. केन्द्रीय दुर सञ्चार, रेडियो फ्रिक्वेन्सीको बाँडफाँड, टेलिभिजन र हुलाक | ४. केन्द्रीय दुर सञ्चार, रेडियो फ्रिक्वन्सीको बाँडफाँड, केन्द्रीय टेलिभिजन र हुलाक | संघको सीमालाई वढी स्पष्ट पार्दै प्रादेशिक एवम् स्थानीय तहका टेलिभिजन च्यानलहरुको समेत संभावनाहरुलाई ध्यानमा राखी केन्द्रीय टेलिभिजन भन्ने शव्द उल्लेख गर्दा बुझ्न सजिलो हुने |
| ५. भन्सार, अंतशुल्क, मूल्य अभिबृद्धि कर, संस्थागत आयकर, राहदानी, भिसा, हुलाक, पर्यटन दस्तुर, सेवा शुल्क दस्तुर | ५. भन्सार, अंतशुल्क, मूल्य अभिबृद्धि करको अंश, संस्थागत आयकरको अंश, राहदानी, भिसा, हुलाक | पर्यटन दस्तुर सम्वन्धित प्रदेश र स्थानीय सरकारवीच बाँडफाँड गर्न उपयुक्त हुने र सेवा शुल्क स्थानीय तहलाई नै दिइंदा उपयुक्त हुने मूल्य अभिवृद्धि कर र संस्थागत आयकरको अंश प्रदेश र स्थानीय तहमा पनि बाँडफाँट गर्न उपयुक्त हुने |
| ६. प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी | ६. प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टीको निश्चित अंश | राजश्व बाँडफाँड अन्तरगत सबै तहको सरकारले निश्चित प्रतिशत प्राप्त गर्ने अधिकार सुनिश्चित गर्न संविधानमै केन्द्र २०, प्रदेशलाई २० र स्थानीय तहलाई ६० प्रतिशतको व्यवस्था गर्दा न्यायपूर्ण हुने |
| ३०. संघ, प्रदेश, स्थानीय तह तथा स्वायत्त क्षेत्रको अधिकारको सूचिमा वा साझा सूचिमा उल्लेख नभएको कुनै विषयमा तथा यो संविधान तथा संविधान अन्तर्गतका | ३०. संघ, प्रदेश र स्थानीय तहको अधिकारको सूचिमा वा साझा सूचिमा उल्लेख भएका कुनै विषयमा तथा यो संविधान तथा संविधान | संघीय नेपालमा तहगत रुपले प्रत्याभूत गरिएका अधिकारहरुलाई कार्यक्षेत्र तथा अधिकार क्षेत्रलाई एकअर्कोले हस्तक्षेप गर्न नसक्ने संवैधानिक प्रत्याभूतिका लागि |

| | | |
|---|---|---|
| कानुनमा नतोकिएको विषय | अन्तर्गतका कानूनमा नतोकिएको विषयहरुमा सम्वन्धित तहको नै अवशिष्ट अधिकार रहने | |

## अनुसूची ४ प्रदेशको अधिकार सूची अन्तरगत

| विषयगत समितिको प्रस्ताव | संशोधन गर्नु पर्ने बुँदा | संशोधनको औचित्य |
|---|---|---|
| २. प्रहरी, प्रशासन र शान्ति सुरक्षा | २. प्रादेशिक प्रहरी, प्रशासन र शान्ति सुरक्षा | प्रदेश भन्दा बाहेक अन्य तहले पनि यो अधिकार प्रयोग गर्ने हुँदा बढी स्पष्ट पार्न आवश्यक भएकोले प्रादेशिक भन्ने शब्द थपिंदा उपयुक्त हुने |
| ३. बैंक तथा वित्तिय संस्था, सहकारी संस्था, केन्द्रको सहमतिमा वैदेशिक अनुदान र सहयोग | ३. प्रादेशिक बैंक तथा वित्तिय संस्था, सहकारी संस्था, केन्द्रको सहमतिमा वैदेशिक अनुदान र सहयोग | प्रदेश भन्दा बाहेक अन्य तहले पनि यो अधिकार प्रयोग गर्ने हुँदा बढी स्पष्ट पार्न आवश्यक भएकोले प्रादेशिक भन्ने शब्द थपिंदा उपयुक्त हुने |
| ४. रेडियो, एफ. एम, टेलिभिजन | ४. प्रादेशिक रेडियो, एफ. एम, टेलिभिजन | प्रदेश भन्दा बाहेक अन्य तहले पनि यो अधिकार प्रयोग गर्ने हुँदा बढी स्पष्ट पार्न आवश्यक भएकोले प्रादेशिक भन्ने शब्द थपिंदा उपयुक्त हुने |
| ५. व्यक्तिगत आयकर, सम्पत्ति कर, व्यावसायिक कर, मालपोत, पारश्रमिक कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जनकर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवा शुल्क दस्तुर | ५. परामर्श सेवा शुल्क, सवारी साधन कर, प्रदेश तहका विज्ञापन कर, प्रादेशिक पर्यटन, प्रदेश तहको सेवा शुल्क दस्तुर | सम्पत्ति कर, व्यावसायिक कर, मालपोत जस्ता करहरु स्थानीय सरकारको अधिकर क्षेत्रभित्र परिसकेको अवस्थामा दोहोरोपना हुने र घर जग्गा रजिष्ट्रेशन शुल्क वर्तमानमा पनि स्थानीय सरकारको क्षेत्राधिकारभित्र रहेकोले |
| ६. प्राकृतिक श्रोतबाट प्राप्त रोयाल्टी | ६. प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टीको निश्चित अंश | राजश्व बाँडफाँड अन्तरगत सबै तहको सरकारले निश्चित प्रतिशत प्राप्त गर्ने अधिकार सुनिश्चित गर्न संविधानमै केन्द्र २०, प्रदेशलाई २० र स्थानीय तहलाई ६० प्रतिशतको व्यवस्था गर्दा न्यायपूर्ण हुने |
| ११. स्वास्थ्य सेवा | ११. प्रादेशिक स्वास्थ्य सेवा | प्रदेश तहमा समेत सञ्चालन हुन सक्ने स्वास्थ्य सेवाहरुलाई बढी स्पष्ट पार्न आवश्यक भएकोले |
| १२. प्रादेशिक व्यवस्थापिका, स्थानीय सरकार सम्बन्धी र विशेष संरचना सम्बन्धी | १२. प्रादेशिक व्यवस्थापिका | सम्वन्धित तहको व्यवस्थापिकाको अभ्यास सम्वन्धित तहले नै गर्ने भएकोले अन्य तहके कुरा प्रदेश व्यवस्थापिका भित्र राख्न आवश्यक नभएको |
| १७. वद्युत आयोजना, सिंचाई आयोजना | १७. प्रादेशिक विद्युत आयोजना, सिंचाई आयोजना | प्रदेश तहबाट निर्माण र सञ्चालन गरिने आयोजनाहरुको स्वमित्व र दायित्वलाई बढी स्पष्ट पार्न आवश्यक भएकोले |
| १८. प्रादेशिक अदालत, पारिवारिक अदालत र वाल अदालत | १८. प्रादेशिक अदालत | पारिवारिक र वाल अदालत स्थानीय तहमा नै राख्दा जिल्ला तहबाट टुग्याउँन सजिलो र उपयुक्त हुने |
| १९. नागरिकता र राहदानी व्यवस्थापन | १९. नागरिकता स्थानीय तह र राहदानी केन्द्रबाट प्रत्यायोजित अधिकार अनुसार व्यवस्थापन | नागरिकता सम्वन्धि कार्यक्षेत्र स्थानीय र राहदानी सम्वन्धि कार्यक्षेत्र केन्द्रको रहने व्यवस्था भैसके पछि प्रदेशमा थप व्यवस्था गर्न आवश्यक नभएकोले |
| २१. भूमि व्यवस्थापन जग्गाको अभिलेख र मालपोत निर्धारण | २१. प्रादेशिक तहको भुमि व्यवस्थापन र जग्गाको अभिलेख | मालपोत निर्धारणको विषय स्थानीय तहको अधिकार क्षेत्र भित्र पर्ने हुदा प्रदेश तहमा राखि रहन नपर्ने |
| २४. भाषा, संस्कृति, लिपि र धर्मको संरक्षण र प्रयोग | २४. भाषा, संस्कृति, लिपि र धर्मको संरक्षण | प्रयोग शब्द समेत राख्दा प्रयोगका लागि स्वीकृति र प्रतिवन्ध जस्ता विषय समेत पर्ने र मौलिक हक हननका विषय उठ्ने भएकोले प्रयोगको विषय प्रदेशमा राख्न उपयुक्त नहुने |
| २५. प्रदेश भित्रको वन जङ्गल र जल उपयोग | २५. प्रदेश भित्रको वन जङ्गल र जलको संरक्षण र उपयोग (२० प्रतिशतसम्म) | संरक्षण र उपयोग सँगसँगै गरिनु पर्ने विषय हो । संरक्षण विनाको उपयोग न्यायोचित नहुने भएकोले |

## अनुसूची ५ सँग सम्वन्धित (साझा अधिकारको सूची)

| विषयगत समितिको प्रस्ताव | संशोधन गर्नु पर्ने बुँदा | संशोधनको औचित्य |
|---|---|---|
| ५. पारिवारिक मामला -विवाह, सम्पत्ति हस्तान्तरण, सम्वन्ध विच्छेद, लापोन्मुख, टुहुरा, धर्मपुत्र उत्तराधिकार र संयुक्त पविार सम्वन्धि कानून | ५. पारिवारिक मामला -विवाह, सम्पत्ति हस्तान्तरण, समवन्ध विच्छेद, लापोन्मुख, टुहुरा, धर्मपुत्र उत्तराधिकार र संयुक्त पविार सम्वन्धि कानून स्थानीय तहको व्यवस्थापिकाले निर्माण गर्ने | यी विषय स्थानीय तहको व्यवस्थापिकाको विषय भएकोले प्रदेश तहमा राखिनु नपर्ने |

## अनुसूची ६ र ७ सँग सम्वन्धित
## विशेष संरचना आवश्यक नभएको भनी अवधारणा र पुष्ट्याँई प्रस्तुत गरी सकिएको सन्दर्भमा विशेष संरचनासंग सम्वन्धित अनुसूचि ७ हटाई अनुसूचि ६ मा निम्न व्यवस्था थप गरिनु पर्ने

| विषयगत समितिको प्रस्ताव | संशोधन गर्नु पर्ने बुँदा | संशोधनको औचित्य |
|---|---|---|
| २१. जिल्ला तहबारे उल्लेख नगरिएको | २१. स्थानीय तह अन्तर्गत रहने जिल्ला सरकारले विभिन्न विषयगत कार्यालयबाट प्रदान गरिने सेवा, स्थानीय तहमा गरिने योजना निर्माण र कार्यान्वयन, स्थानीय तहमा गरिने क्षमता वृद्धि, प्राकृतिक श्रोतको बाँडफाँटमा समन्वय, प्रदेश र संघसंगको समन्वय, स्थानीय र प्रदेश तहमा हुने विवाद निरुपणमा समन्वय जस्ता कार्यहरु जिल्ला तहबाट गर्ने | स्थानीय तह अन्तर्गत रहने जिल्ला सरकारले विगत पचासौं वर्ष देखि प्रदान गर्दै आएको सेवा र संरचनाहरु हटाउँदा र गाउँ तहको संरचना निर्माण गर्न ढिलाई हुनका साथै हाल जिल्लाले प्रदान गर्दै आएका सम्पूर्ण सेवाहरु गाउँबाटै प्रदान गर्न सम्भव नहुने स्थितिमा झन् लथालिङ्ग हुन गई संघात्मक प्रणाली प्रति नै नकारात्मक धारणा बढ्न गई वितृष्णा पैदा हुन सक्ने भएकोले स्थानीय तह अनतर्गत जिल्ला सरकार (जिल्ला समन्वय परिषद) आवश्यक हुने |

## शासकीय स्वरुप निर्धारण समिति अन्तरगत

| विषयगत समितिको प्रस्ताव | संशोधन गर्नु पर्ने बुँदा | संशोधनको औचित्य |
|---|---|---|
| ▪ संघीय नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय (गाउँ, नगरपालिका) गरी तीन तहको हुने<br>▪ प्रदेशभित्र विशेष संरचना (स्वायत्त, संरक्षित र विशेष) पनि रहने<br>▪ कार्य अधिकारक्षेत्र अनुसूचिकृत | ▪ संघीय नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय (जिल्ला, गाउँ, र नगरपालिका) गरी तीन तहको हुने ।<br>▪ अल्पसंख्यक, जनजाति र लक्षित वर्गको लागी स्थानीय तहवाटै उपयुक्त र स्वायत्त व्यवस्था गर्न सकिने | • हाल कृयाशील जिल्ला तहको संरचना नहुदाँ जनताले सेवा लिन प्रादेशिक तहसम्म झनै टाढा जानु पर्ने, सम्पूर्ण गाविसमा प्राविधिक जनशक्ति उपलव्ध गराउन हाल सम्भव नभएको र जिल्लाका सवै इकाईहरुलाइ प्रदेशमा सार्दा ओभरल्याप हुने जस्ता कारणहरुले वर्तमान जिल्ला संरचनालाई भत्काउनु भन्दा परिमर्जन गरी अँझ वढी वलियो बनाउनु पर्ने ।<br>• स्थानीय तहलाइ सुदृढ वनाइ सके पछि विशेष संरचनाको औचित्यता देखिदैन । |
| ▪ संघले तोकेका मापदण्डका आधारमा प्रत्येक प्रदेशले स्थानीय सरकारको पुनसंरचना आयोग गठन गरी प्रदेश सरकार गठन भएको एक बर्षभित्र पुनर्संरचना गर्ने । | ▪ संविधानले तोकेका मापदण्डका आधारमा संघीय सरकारले केन्द्रिय तहमा स्थानीय सरकारको पुनसंरचना आयोग गठन गरी प्रदेश सरकार गठन संगसँगै स्थानीय सरकारको समेत एक वर्ष भित्र पुनर्संरचना गर्ने । | स्थानीय सरकारको पुनर्संरचना गर्ने जिम्मा प्रदेशलाई दिदा एकातिर स्थानीय सरकारहरुले संवैधानिक हैसियत प्राप्त गर्न सक्तैनन भने अर्को तिर सबै प्रदेशले एकै तहमा एकै साथ यो काम गर्दछन् भन्न सकिन्न । साथै प्रदेश सरकारका तजवीजी अधिकारहरुले फरक फरक ढंगले कहीं अपेक्षाकृत वलिया र कहीं अत्यन्तै कमजोर स्थानीय सरकार वन्ने संभावना रहने र स्वायत्तता कमजोर हुने देखिन्छ । |

## प्राकृतिक श्रोत, आर्थिक अधिकार तथा राजश्व बाँडफाँड समिति अन्तरगत

| विषयगत समितिको प्रस्ताव | संशोधन गर्नु पर्ने बुँदा | संशोधनको औचित्य |
|---|---|---|
| ▪ तीन सदस्यीय एक स्वतन्त्र राष्ट्रिय वित्तिय आयोगको गठन गरिने | ▪ सात सदस्यीय एक स्वतन्त्र राष्ट्रिय वित्तिय आयोगको गठन गरिने | ▪ वित्तिय आयोगमा विज्ञहरुको मात्रै उपस्थितिले नहुने हुँदा स्थानीय निकायका संघ तथा महासंघहरुको समेत उपस्थिति सुनिश्चित हुनु पर्छ । हाल पनि स्थानीय निकाय वित्तिय आयोगमा संघमहासंघहरुको पदेन सदस्यता रहेकोछ । |
| ▪ तीन सदस्यीय राष्ट्रिय प्राकृतिक श्रोत आयोग गठन गर्ने | ▪ एघाह्र सदस्यीय राष्ट्रिय प्राकृतिक श्रोत आयोग गठन गन | ▪ प्राकृतिक श्रोत बाँडफाँटको विषय अत्यन्त संवेदनशील भएकोले आयोगमा विज्ञहरुको मात्रै उपस्थितिले न्यायोचित वांडफांट नहुने हुँदा स्थानीय निकायका संघ तथा महासंघहरु र अन्य सरोकारवालाहरुको समेत उपस्थिति सुनिश्चित हुनु पर्छ |

## न्यायिक समितिको प्रतिवेदन

| विषयगत समितिको प्रस्ताव | संशोधन गर्नु पर्ने बुँदा | संशोधनको औचित्य |
|---|---|---|
| ▪ अन्तर स्थानीय सरकार, स्थानीय सरकार र प्रदेशबीचको विवाद समाधानका लागि संघीय समिति रहने | ▪ स्थानीय सरकार र प्रदेशबीचको विवाद समाधानका लागि सबै सरोकारवालाहरुको सहभागितामा उच्चस्तरीय समितिको व्यवस्था रहने | ▪ आफू संलग्न विवादमा सरोकारवाला अंगको समे सहभागितामा निर्णय गर्ने कुरा लोकतान्त्रिक हुने भएकोले अन्तर स्थानीय तहको विवाद समाधान गर्न स्थानीय सरकारको जिम्मामानै राख्नु पर्ने |

## निर्वाचन प्रणाली सम्बन्धी

| विषयगत समितिको प्रस्ताव | संशोधन गर्नु पर्ने बुँदा | संशोधनको औचित्य |
|---|---|---|
| ▪ हाल व्यवस्था नभएको | ▪ जिल्लातहको परिषद्को गठन गर्दा गाँउ तथा नगरपालिकाका परिषद् सदस्यहरुको निर्वाचक मण्डलबाट निर्वाचन गरि ५५ प्रतिशत जिल्ला परिषद् सदस्यहरु अप्रत्यक्ष निर्वाचन प्रक्रियाबाट निर्वाचित गरिनु पर्छ ।<br>▪ बांकी ४५ प्रतिशत मध्ये २० प्रतिशत जिल्ला परिषद् सदस्यहरुको निर्वाचन उद्योग वाणिज्य क्षेत्र, सामुदायिक वन, सहकारी, विभिन्न उपभोक्ता संघ तथा महासंघहरु, गैरसरकारीसंस्थाहरु, मानवाधिकार कर्मीहरु तथा पत्रकारहरुको संस्थागत प्रतिनिधित्व हुने र बाँकी २५ प्रतिशत जिल्ला परिषद् सदस्यहरुको निर्वाचन आर्थिक तथा सामाजिक दृष्टिकोणले पछाडि पारिएका (सिमान्तकृत) जाति, जनजाति, दलित तथा आदिवासी, मधेशी, अपांगहरुको जिल्लास्तरीय संरचनाबाट संस्थागत प्रतिनिधित्व हुने गरी निर्वाचन गरिनु पर्दछ ।<br>▪ माथि उल्लेखित सवैक्षेत्रबाट जिल्ला परिषद्मा आउने सदस्यहरुको निर्वाचनमा ५० प्रतिशत महिला निर्वाचित हुने गरि निर्वाचनको व्यवस्था गर्ने ।<br>▪ जिल्ला परिषद्बाट जिल्ला प्रमुखको निर्वाचन गरिनु पर्नेछ । साथै प्रमुखद्धारा उपप्रमुख लगायत ५० प्रतिशत सदस्यहरु परिषद् भित्रबाट र बाँकी ५० प्रतिशत विषय विज्ञ लगायत अन्य क्षेत्रबाट व्यवस्था गर्ने । | ▪ जिल्ला परिषद् र कार्यकारिणीलाई समावेशी बनाउन अप्रत्येक्ष निर्वाचन प्रणाली उपयुक्त हुने हुँदा |

# वातावरण मन्त्रालयको बैकल्पिक ऊर्जाको कार्यक्रममा जिविस महासंघ नेपालको सहभागिता

२०६८ पौष २७ गते वातावरण मन्त्रालयमा बैकल्पिक ऊर्जाकोबारेमा विगतमा गरेका कामको समिक्षा/विश्लेषण र आगामी दिनमा अझ कसरी प्रभावकारी कार्ययोजना बनाउन सकिन्छ भन्नेबारेमा व्यापक छलफल भयो । वैकल्पिक उर्जा र स-साना जलविद्युत आयोजनाहरु जिल्ला विकास समितिहरुको ऊर्जा शाखा मार्फत सहभागितात्मक योजना तर्जुमा गरी जिल्ला विकास समिति मार्फत योजना प्रक्रिया बनाउनु पर्ने तर्फ जोड दिइयो । नेपालमा उर्जा क्षेत्रको विकासकोबारेमा दातृ देशहरु जस्तै Denmark, Norway, Germany, DFID/U.K, World Bank जस्ता देशहरुले विशेष सहयोग गर्ने इच्छा व्यक्त गरेको देखियो ।

**जिल्ला विकास समिति महासंघ नेपालको नियमित प्रकाशन**
**"स्थानीय प्रजातन्त्र"**
**मा प्रकाशन गर्ने गरी समसामयिक लेख, रचनाहरु उपलब्ध गराइदिनु हुन हार्दिक अनुरोध गर्दछौं ।**